# सर्वोच्च अदालत
## काठमाडौं

**सर्वोच्च अदालतको मोबाइल एप (Mobile App) को सेवा अद्यावधिक (Update) गरिएको सम्बन्धी**

**प्रेस विज्ञप्ति**

सर्वोच्च अदालतले आजबाट लागू हुने गरी देशका सबै उच्च अदालत, उच्च अदालतको अर्को इजलास तथा अस्थायी इजलासहरुको मुद्दा पेशी सूचीसमेत हेर्न मिल्ने गरी मोबाइल एप (Mobile App) मा अद्यावधिक (Update) गरेको छ । यसअघि गत भाद्रबाट सर्वोच्च अदालतको मोबाइल एपको शुभारम्भ भइसकेको र उक्त एपबाट सर्वोच्च अदालतको मुद्दाको दैनिक तथा साप्ताहिक पेशी सूची, मुद्दाको स्थिति, सूचनालगायत अदालतका अन्य गतिविधिका बारेमा जानकारीमूलक सामग्री हासिल गर्न सहज भएको अवस्थामा अब उच्च अदालत तथा उच्च अदालतका इजलासहरुको दैनिक पेशी सूची एवम् मुद्दा सुनुवाईको स्थिति समेत सोही एपबाट हेर्न मिल्ने गरी यो सेवा विस्तार गरिएको हो ।

यो सेवा विस्तारसँगै अब देशभरिका सबै उच्च अदालतका दैनिक पेशी सूची, मुद्दा सुनुवाईको स्थितिसम्बन्धी जानकारी हासिल गर्न मुद्दाका पक्ष, कानून व्यवसायी, कर्मचारी तथा सेवाग्राही एवम् सम्बन्धित सबैलाई सहज हुने विश्वास लिइएको छ । अद्यावधिक (Update) गरिएको उक्त एप सर्वोच्च अदालतको वेवसाइट वा एन्ड्रोइड मोबाइल फोनको प्ले स्टोरबाट डाउनलोड वा अपडेट गरी प्रयोग गर्न सकिन बेहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

(नारायणप्रसाद पन्थी)
प्रवक्ता/सहरजिष्ट्रार

२०७४ साल कात्तिक ३० गते, बिहीबार
सर्वोच्च अदालत, काठमाण्डौ ।